बैठक संख्याः ०२।२०८०।८१

मितिः २०८०।०५।०६

समयः दिउँसो २ः ०० बजे

स्थानः भूमे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूका अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | भूमे गाउँपालिका कार्यालय |
| २. | | सविना बुढा | उपाध्यक्ष | भूमे गाउँपालिका कार्यालय |
| ३. | | मनकाजी पुनमगर | वडाध्यक्ष | १ नं वडा कार्यालय |
| ४. | | नारायण पुनमगर | वडाध्यक्ष | २ नं वडा कार्यालय |
| ५. | | प्रशुराम बुढा | वडाध्यक्ष | ३ नं वडा कार्यालय |
| ६. | | श्याम प्रसाद बुढा | वडाध्यक्ष | ४ नं वडा कार्यालय |
| ७. | | टेक प्रसाद बुढा | वडाध्यक्ष | ५ नं वडा कार्यालय |
| ८. | | विक्रम पुन मगर | वडाध्यक्ष | ६ नं वडा कार्यालय |
| ९. | | संगम रोका | वडाध्यक्ष | ७ नं वडा कार्यालय |
| १०. | | दिनेश रोका | वडाध्यक्ष | ८ नं वडा कार्यालय |
| ११. | | विनोद बुढा | वडाध्यक्ष | ९ नं वडा कार्यालय |
| १२. | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १३. | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १४. | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १५. | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १६. | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १७. | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका कार्यालय |
| १८. | | देविलाल वि.क. | सचिव / प्रमुख प्रशासकीय अधिकृत | भूमे गाउँपालिका कार्यालय |

अन्य उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | | प्रेम प्रसाद भट्टराई | अधिकृत (छैठौं) | भूमे गा.पा. कार्यालय |
| २. | | सन्तोष थापा मगर | सब-ईन्जिनियर | भूमे गा.पा. कार्यालय |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/ ०८०/८१ मिति २०८०/०५/०६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब

प्रस्तावहरुः

| प्रस्ताव नं. | प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | |
| २ | कार्यप्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| ३ | सार्वजनिक सुनुवाई सम्बन्धमा । | |
| ४ | भूमे गाउँपालिकाको कृषक मञ्चाल सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत सम्बन्धमा । | |
| ५ | विपद राहत सम्बन्धमा । | |
| ६ | ज्यामी ज्याला सम्बन्धमा । | |
| ७ | सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि स्वास्थ्यकर्मि र स्वास्थ्य संस्था सूचिकृत गर्ने सम्बन्धमा । | |
| ८ | नविकरणीय उर्जा प्रविधि जडानका लागि लाभग्राही घरधुरी छनौट सम्बन्धमा । | - |
| ९ | उत्कृष्ठ सामुदायिक विद्यालय र शिक्षक छनौट मार्गदर्शन, २०७८ संशोधन सम्बन्धमा । | |
| १० | तीज विशेष कार्यक्रम सञ्चालन सम्बन्धमा । | |

निर्णय प्रमाणित गर्दछु

हस्ताक्षर:

मिति :

पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २/ ०८०/८१ मिति २०८०/०५/०६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब

निर्णय नं. १:

अघिल्लो कार्यपालिकाका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गर्दा जम्मा १२ वटा निर्णय भएकोमा ८ वटा निर्णय कार्यान्वयन भएको र बाँकी ४ वटा निर्णयहरु कार्यान्वयन भई नसकेको अवस्था रहेकोले सबै शाखा/ इकाइ/ केन्द्र र अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन कार्ययोजना बनाई शीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / केन्द्र, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो साउन महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक रहेको र चालु आ.व. मा गाउँपालिकाबाट कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाहरुको क्रमशः कार्यान्वयन कार्य सुचारु गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

आर्थिक वर्ष २०७९।८० को अन्तिम चौमासिक अवधिमा सम्पादन भएका विकास निर्माणका र सेवा प्रवाहसम्बन्धी कार्यको सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८० साल भाद्र महिनाको २३ गते शनिबार भूमे गाउँपालिका, वडा न १ लुकुममा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

गाउँपालिका क्षेत्रभित्र कृषि व्यवसायमा आवद्ध व्यक्तिहरुको सञ्जालिकरण गरी उनिहरुको क्षमता विकास गर्न तथा कृषि तथा पशुपन्छीसम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापनमा सहजिकरण गरी कृषि पेशामा संलग्न जनशक्तिको क्षमता विकासमार्पत कृषि क्षेत्रको उत्पादन र उत्पाकदत्व बृद्धितर्फ उन्मुख बनाउन भूमे गाउँपालिकाको कृषक सञ्जाल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

बिभिन्न मितिमा आएको बिपद्का घटनाबाट क्षति भएका तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई मापदण्ड बमोजिम राहत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | पिडितको नाम | वडा नं. | क्षतिको विवरण | अनुमानित क्षति | राहत रकम रु. |
|---|---|---|---|---|---|
| १ | बिष्णु बुढा | ७ | अविरल वर्षानका कारण बाढी आइ खोर र पशु चौपाया क्षति पुगेको | ५,२०,०००।- | १५,०००।- |
| २ | तेज बहादुर रोका | ३ | अविरल वर्षानका कारण बंगुरको खोर र घेराबार जाली नष्ट भएको | १,४०,०००।- | १०,५००।- |
| ३ | भूमि श्रेष्ट | ७ | अविरल वर्षानका कारण गोठ भाडा वर्तन र पशुधनमा क्षति पुगेको | ८,१०,०००। | १[illegible]०००। |
| ४ | भागिमान बुढा | ७ | अविरल वर्षातका कारण पानी घट्टमा क्षति पुगेको | ५०,०००। | ३,०००।- |
| ५ | रामचन्द्र बुढा मगर | ७ | अविरल बर्षातका कारण सुंगुर खोर र तरकारी बालिमा क्षति | १,२५,०००। | १०,५००।- |
| ६ | पूर्ण कुमारि बुढा | ७ | अविरल वर्षातका कारण पानी घट्टमा क्षति | १,५०,०००।- | १०,५००।- |
| ७ | बिर प्रताब पुन | २ | अविरल वर्षातका कारण पानी घट्ट र अन्नबालीमा क्षति पुगेको | २,३५,०००।- | १०,५००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | रुजिबिर पुन | २ | अविरल वर्षातका कारण मिल, मिलमा रहेका सामान र अन्नपातमा क्षति पुगेको | १२,७४,०००।- | १७,५००।- |
| ९ | अमर रोका | ७ | अविरल वर्षातका कारण पानी घट्ट र अन्नपातमा क्षति | ३,०३,५००।- | १२,५००।- |

निर्णय नं. ६:

मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्रमा ज्यालादारीमा श्रम गर्ने श्रमिकको ज्यामी ज्याल सम्बन्धमा ज्यामी उपलब्ध हुन सक्ने अवस्था र प्रचलित नियमानुसार तोकीएको ज्यालामा समसामयिक परिवर्तन गरी  गरी रु. ५७७ बनाउने निर्णय गरियो ।

निर्णय नं. ७:

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी नियमावली, २०७७ र सुरक्षित गर्भपतन सेवा कार्य व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम यस गाउँपालिका अन्तर्गत रहेका योग्य तालिम प्राप्त स्वास्थ्यकर्मी र आवश्यक  मापदण्ड पुरा गरेका तपसिलका स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था सुरक्षित गर्भपतन सेवा प्रदान गर्न योग्य भएकोले सूचिकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | स्वास्थ्यकर्मीको नाम थर | स्वास्थ्य संस्थाको नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | लिलासार बुढा | काँकि स्वास्थ्य चौकी भूमे - २ | |
| २ | गोमती कामी | काँडा स्वास्थ्य चौकी भूमे - ४ | |
| ३ | सुशिला कुमारी रोका विष्ट | चुनबाङ स्वास्थ्य चौकी भूमे - ९. | |

निर्णय नं. ८:

गाउँ कार्यपालिकाको  आ.व. २०७९/ ८० को १७ औं बैठकको निर्णय न. १८ अनुसार अति विपन्न, एकल महिला, दलित समुदायको घरधुरीमा सौर्य बत्ती जडान कार्यका लागि तपसिल बमोजिमका १५ लाभग्राही घरधुरी छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | संख्या | घरमुलिको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | श्री भगत पुन | |
| २ | २ | १ | श्री टिल कुमारी दमाई | |
| ३ | २ | १ | श्री आस बहादुर कामी - २, ग्याउरी | |
| ४ | २ | १ | श्री आसपुर पुन - २ घिमा | |
| ५ | ४ | १ | श्री खुसेरा कुमार कामी | |
| ६ | ४ | १ | श्री उमेराम पुन | |
| ७ | ४ | १ | श्री वर बहादुर वि.क. | |
| ८ | ५ | १ | श्री पूर्ण बहादुर कामी | |
| ९ | ५ | १ | श्री रूप कामी | |
| १० | ६ | १ | श्री दरत कुमारी रोका | |
| ११ | ६ | १ | श्री प्रभुराम बुढा | |
| १२ | ६ | १ | श्री राम सिंह बुढा | |
| १३ | ६ | १ | श्री मित बहादुर रोका | |
| १४ | ९ | १ | श्री मल्लु वि.क. | |
| १५ | ८ | १ | श्री अमर सिंह बुढा | |

निर्णय प्रमाणित गर्नेको
हस्ताक्षर:
मिति
पद

निर्णय नं. ९:

उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक छनौट मार्गदर्शन, २०७८ लाई समसामयिक बनाउन मार्गदर्शनको दफा ८ मा देहाय बमोजिकको संशोधन गर्ने निर्णय गरियो ।

| संशोधन गर्नुपर्ने | संशोधन भएको |
|---|---|
| | प्रस्तावना |
| दफा १ को उपदफा २ गाउँ शिक्षा समिति भएकोमा | गाउँ कार्यपालिका |
| दफा ८ को सूचक नं. २ शै. स. २०७७/०७८ भएकोमा | अघिल्लो शैक्षिक सत्र |
| दफा ८ को सूचक नं. ३ को दलित विद्यार्थिसम्बन्धी सूचकको अंकभार १० भएकोमा | ५ अंकभार कायम गर्ने |
| दफा ८ को सूचक नं. ४ को प्रवर्द्धनात्क कार्यहरु शिक्षण सिकाइसँग सम्बन्धित सूचकको अंकभार १० रहेकोमा | १५ अंकभार कायम गर्ने |
| दफा ८ को उपदफा २ को सूचक नं. २ को शैक्षिक उपलब्धि सूचकको कैफियतमा केही कुरा उल्लेख नभएकोमा | दफा ८ को उपदफा २ को सूचक नं. २ को शैक्षिक उपलब्धि सूचकको कैफियतमा अघिल्लो शैक्षिक सत्रको भन्ने वाक्य थप गरिएको । |
| दफा ११ को गाउँ शिक्षा समिति | गाउँ कार्यपालिका |

निर्णय नं. १०:

मिति २०८० साल असोज १ गते पर्ने हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा भूमे तीज विशेष कार्यक्रम विभिन्न कार्यक्रमहरुको आयोजना गरी सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | कुनै पनि फरक मत नरहेको | |

निर्णय प्रमाणित गर्ने
हस्ताक्षर:
मिति: २०८०।५।६
पद: